# विवाह र घर

## उत्तर पृष्ठ
### आई सी आई युनिभर्सिटी

विद्यार्थी क्रमसंख्याः _______________

*कृपया सफा तथा स्पष्ट अक्षरमा लेख्नुहोस्ः*

नामः श्री/ श्रीमती/ सुश्री ______________________________
न.पा./ गा.वि.स. _______ वडा/ ब्लक नं. _______________
टोल/ गाउँ ________ पो.ब. _____ हुलाक _____________
जिल्ला _________ अञ्चल ___________________________
उमेर _________ व्यवसाय ________ धर्म _____________
शैक्षिक योग्यता _________________ मिति ____________

**निर्देशनहरूः**

# यस पुस्तकलाई हाम्रो कार्यालयमा फेरि नफर्काउनुहोस्।
# यस "उत्तर पृष्ठ"-लाई होशियारीसाथ पुस्तकबाट थुतेर निकाल्नुहोस्।
# यस "उत्तर पृष्ठ" लाई मात्र पठाउनुहोस्।
# यी प्रश्नहरूका उत्तर दिँदा तपाईंले पाठहरू दोहोऱ्याई-दोहोऱ्याई पढ्नुहोस्।

## विवाह र घर १ – ५

### ठीक वा बेठीक
### खण्ड १

*तल दिएका बयानहरू कि त ठीक कि बेठीक छन्। ठीक उत्तरको अङ्कको वरिपरि घेरा लगाउनुहोस्।*

__१. तपाईंले सुनेका र हेरेका कुराहरूद्वारा तपाईंका विचारहरू धेरै नै प्रभावित भएका हुन्छन्।

__२. संसारका रीतिथितिलाई हेरेर विवाहको निम्ति व्यावहारिक निर्देशन प्राप्त गर्न सकिन्छ।

__३. दुवै जीवनसाथीहरू ख्रीष्टियान छन् भने विवाहमा तिनीहरूलाई त्यति सामञ्जस्यको आवश्यकता पर्दैन।

__४. छोराछोरीहरूले घरमा सबैभन्दा पहिले आज्ञापालन गर्न सिक्नुपर्छ।

__५. दुइ ख्रीष्टियानहरूले विवाह गरेपछि अवश्य पनि आनन्द हुन्छ।

__६. आमा-बाबुका कामहरू उनीहरूका वचनहरू जतिकै महत्वपूर्ण हुँदैनन्।

__७. घर सुरक्षित ठाउँ हुनुपर्छ जहाँ परिवारका सदस्यहरूले आनन्द र प्रेम प्राप्त गर्न सक्छन्।

### सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएको हरेक प्रश्नमा एउटा उत्तर मात्र ठीक छ। ठीक उत्तरको अक्षरको वरिपरि घेरा (○) लगाउनुहोस्।*

८. तल दिइएकाहरूमध्ये कुनचाहिँ बयान ठीक छ?
   - क. ख्रीष्टियानहरू परीक्षाबाट स्वतन्त्र छन्।
   - ख. परीक्षामाथि विजयी हुन सक्ने शक्ति परमेश्वरले ख्रीष्टियानहरूलाई दिनुहुन्छ।

ग. इच्छा शक्तिद्वारा नै ख्रीष्टियानहरू परीक्षामाथि विजयी हुन्छन्।

९. परमेश्वरले स्थापित गर्नुभएको समाजको आधारभूत एकाइ के हो?
क. समुदाय।
ख. व्यक्ति
ग. परिवार।

१०. परीक्षामा नपर्नका लागि बुद्धिमानी कुराचाहिँ के हो?
क. परीक्षामा डोऱ्याउने अवस्थाहरूमा नपर्नु।
ख. सम्भव भएसम्म सामाजिक सम्पर्कहरूमा नपर्नु।
ग. तपाईंले समस्याको सचेतना नपाउञ्जेल तपाईंको सम्बन्धमा स्वतन्त्र हुनु।

११. शिमसन र राजा सोलोमोन कस्ता मानिसहरूका उदाहरणहरू हुन्?
क. परमेश्वरमा आज्ञाकारी भई हिँड्नेहरू।
ख. आफ्ना वैवाहिक सम्बन्धहरूमा धेरै बुद्धिमानी हुनेहरू।
ग. अविश्वासीहरूलाई विवाह गरेका हुनाले आफ्नो जीवन दुःखमा समाप्त गर्नेहरू।

१२. योसेफ कस्तो खालका मानिसका उदाहरण हुन्?
क. शारीरिक अभिलाषाद्वारा परीक्षित नभएका।
ख. परीक्षाबाट भाग्ने।
ग. परीक्षामा फँस्ने।

१३. विवाह गर्न योजना गर्ने दुइ व्यक्तिहरूका निम्ति यो महत्वपूर्ण छ।
क. सबै कुराहरूमा सहमत हुन।
ख. आधारभूत सिद्धान्तहरूमा सहमत हुन।
ग. आधारभूत भिन्नताहरूलाई बिर्सिदिन।

१४. जीवन साथीमा नभइनहुने कुराचाहिँ कुन हो?
क. भरोसा गर्ने र क्षमा दिने प्रवृत्ति।
ख. शिक्षा र सामाजिक इज्जत।
ग. सुन्दरता र धनसम्पत्ति।

१५. प्रेममा सधैंभरि भइरहने कुरा कुन हो?
   क. अभिलाषा र चाहना।
   ख. अस्वार्थी दियाइ र धैर्यता।
   ग. शारीरिक आकर्षण र यौनसम्पर्क इच्छा।

१६. मगनीको समय
   क. अर्को व्यक्तिको बारेमा धेरै कुरा पत्ता लगाउने समय हो।
   ख. यौन सम्बन्ध शुरू गर्ने समय हो।
   ग. एकैसाथ भविष्यको योजना बनाउने समय हो।

१७. एकैसाथ बसिरहेका दम्पत्ति ख्रीष्टियान बने भने, तिनीहरू
   क. त्यसैगरी जिउनुपर्छ।
   ख. एक अर्काबाट अलग हुनुपर्छ।
   ग. ले आफ्नो विवाहलाई वैधानिक बनाउनुपर्छ।

१८. कोचाहिँ घरमा आत्मिक अगुवा हुनुपर्छ?
   क. बाबु।
   ख. आमा।
   ग. पास्टर।

१९. पारिवारिक आराधना कहिले शुरू हुनुपर्छ?
   क. दम्पत्तिले विवाह गर्ने बित्तिकै।
   ख. केटाकेटीहरूले यो बुझ्न थालेपछि।
   ग. पहिलो बालक जन्मेपछि।

**सामान्य प्रश्नहरू**

*तल दिइएका खाली ठाउँमा ठीक उत्तरको अगाडि "छ" र बेठीक उत्तरको अगाडि "छैन" लेख्नुहोस्।*

__२०. के तपाईंले पाठ १-५-लाई ध्यानपूर्वक पढ्नुभएको छ?

__२१. के तपाईंले पाठ १-२-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२२. के तपाईंले पाठ ३-५-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएको खण्डका प्रश्नहरूका जवाफ दिनुभएको छ? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

__२४. पाठहरू १-५ सम्म तपाईंलाई कण्ठ गर्नु भनिएका सबै पदहरूलाई के तपाईंले कण्ठ गर्नुभएको छ?

## विवाह र घर खण्ड २
## पाठ ६-९

### ठीक वा बेठीक प्रश्न

*तल दिइएका बयानहरू कित ठीक कि बेठीक छन्। ठीक उत्तरको अङ्कको वरिपरि घेरा लगाउनुहोस्।*

__१. ख्रीष्टियान घरले आत्मिक विनाशको अनुभव गर्दैन।

__२. पति र पत्नी एक अर्काप्रति ईमान्दार हुनुपर्छ।

__३. प्रेम नै घरको सबैभन्दा ठूलो संरक्षक हो।

__४. परमेश्वरको बारेमा परिवारलाई सिकाउने सबैभन्दा ठूलो जिम्मा आमाको हो।

__५. हाम्रो निम्ति यो जति नै कठिन भए तापनि हाम्रो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिएको उहाँ चाहनुहुन्छ।

__६. आफ्ना सांसारिक आमा-बाबुको आज्ञा पालन गर्नु परमेश्वरका पुत्रका निम्ति आवश्यक थिएन।

__७. होशेले असल पत्नीको वर्णन हामीलाई दिएका छन्।

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएको हरेक प्रश्नमा एउटा मात्र उत्तर ठीक छ। ठीक उत्तरको अक्षरको वरिपरि घेरा (○) लगाउनुहोस्।*

८. विवाहित दम्पत्तिमा समस्या भयो भने तिनीहरूले
- क. केही व्यक्तिहरूको जीवन अरूहरूकोभन्दा अलि कठीन हुन्छ।
- ख. समस्याको वास्तै गर्नुहुँदैन र यो आफै हराउँछ।
- ग. सल्लाहको निम्ति पहिले आ-आफ्ना आमा-बाबुकहाँ जानुपर्छ।

९. कुनै व्यक्तिले त्यस बेला उद्धार पाउन सक्छ जब
- क. उसले बाइबल बुझ्न सक्छ।
- ख. उसले आफ्ना आमा-बाबुबाट मञ्जुरी पाउँछ।
- ग. उसले आफू पापी छु भन्ने कुरा बुझ्छ।

१०. यदि पत्नीले आफ्ना पतिलाई प्रेम गर्छिन् भने, तिनले
- क. घरीघरी उनका भूलहरूलाई सच्याउँछिन्।
- ख. स्वइच्छासाथ उनको आज्ञा पालन गर्छिन्।
- ग. प्रत्येक अवस्थामा के गर्नुपर्ने हो सो उनलाई बताउँछिन्।

११. एक पत्नीले आफ्नो घरमा आफ्नो पतिलाई आनन्दित पार्नका लागि के गर्न सक्छिन्?
- क. आफूले सकेसम्म सबै काम खुशीसाथ गर्ने।
- ख. धेरै हुनेहरूसँग आफ्नो जीवन तुलना गर्ने।
- ग. ऋण मा परे पनि आफ्नो घर सजाउनका लागि महङ्गो सरसमानहरू किन्ने।

१२. आज्ञाकारी छोराछोरीहरूलाई परमेश्वरले के कुराको प्रतिज्ञा गर्नुभएको छ?
- क. आनन्द।
- ख. स्वर्ग।
- ग. दीर्घायु (लामो जीवन)।

१३. यदि आमा-बाबुले आफ्ना छोराछोरीहरूलाई साँच्ची नै प्रेम गर्छन् भने तिनीहरूले

क. उनीहरूलाई मन परेको काम कुरा गर्न दिन्छन्।

ख. उनीहरूलाई घरीघरी दण्ड दिइरहन्छन्।

ग. उनीहरूलाई ठीक कुरा सिकाउँछन् र आवश्यक परेको खण्डमा तिनीहरूलाई दण्ड दिन्छन्।

१४. मानिसहरूले कहिले परमेश्वरलाई आराधना गर्न सिक्नुपर्छ?

क. तेह्र वर्षदेखि उन्नाइस वर्ष उमेर भित्रमा।

ख. शुरूको बाल्यकालमा।

ग. तिनीहरू बयस्क भएपछि।

१५. यदि तपाईंका आमा-बाबु ख्रीष्टियान होइनन् भने

क. तिनीहरूका अधिकारबाट तपाई स्वतन्त्र हुनुहुन्छ।

ख. सबै अवस्थाहरूमा तिनीहरूको आज्ञा पालन गर्नुपर्छ।

ग. तपाईलाई परमेश्वरको आज्ञा भङ्ग गर्न लगाउने कुराहरू बाहेक अरू सबै कुराहरूमा तिनीहरूका आज्ञा पालन गर्नुपर्छ।

१६. ख्रीष्ट र एकलेसिया (मण्डली) को सम्बन्धको नमूना केमा देखिन्छ?

क. पति-पत्नी सम्बन्धमा

ख. आमा-छोरा सम्बन्धमा

ग. मालिक-कामदार सम्बन्धमा

१७. असल पत्नी र आमाले के कुरा गर्न खोज्छन्?

क. परमेश्वरको निर्देशन र आफ्नो परिवारको निम्ति उत्तम कार्य गर्न।

ख. सबै कुरामा आफ्नो पतिलाई खुशी पार्न

ग. आफ्ना छोराछोरीहरूलाई उनीहरूले चाहेका सबै कुराहरू दिन।

१८. प्रतिज्ञासहितको आज्ञा कसलाई दिइएको छ?

क. नोकरहरूलाई।

ख. केटाकेटीहरूलाई।
ग. आमा-बाबुलाई।

१९. बालकको तालीम कहिले शुरू हुनुपर्छ।
क. ऊ विद्यालय जान थालेपछि।
ख. ऊ बाल सङ्गति (सण्डे स्कूल) मा जान थालेपछि।
ग. जन्मदेखि नै।

## सामान्य प्रश्नहरू

*तल दिइएका खाली ठाउँमा ठीक उत्तरको अगाडि "छ" र बेठीक उत्तरको अगाडि "छैन" लेख्नुहोस्।*

__२०. के तपाईंले पाठ ६-९ लाई ध्यानपूर्वक पढ्नुभएको छ?

__२१. के तपाईंले पाठ ६-७-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२२. के तपाईंले पाठ ८-९-मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएको खण्डका प्रश्नहरूका जवाफ दिनुभएको छ? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

__२४. पाठहरू ५-९ सम्म तपाईंलाई कण्ठ गर्नु भनिएका सबै पदहरूलाई के तपाईंले कण्ठ गर्नुभएको छ?

यस पुस्तकको अध्ययनबाट तपाईंले के सिक्नुभयो छोटकरीमा लेख्नुहोस् र तपाईंले भर्नुभएको यस प्रश्न-पुस्तिकाको साथसाथै आई सी आई मा पठाउनुहोस्। प्रभुले तपाईंको जीवनमा प्रशस्त आशिष् देऊन्!